नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

पत्र संख्या : २०७७/७८ – ११
चलानी नं. : ४११

CDS and Clearing Ltd.

# प्रेस विज्ञप्ति

मिति २०७७।९।२९ गते देखि २०७७।१०।२ गते सम्म यस लि. को "सि-आस्बा" प्रणाली मार्फत निष्कासन भएको प्रभु लाईफ ईन्सुरेन्स कम्पनीको प्राथमिक निष्कासनमा हाल सम्मकै अधिक संख्यामा खरिद आवेदन प्राप्त भएका छन्। सर्वसाधारणका लागि जम्मा निष्कासन गरिएको उक्त कम्पनीको ५४,००,००० कित्ता साधारण शेयर खरिदका लागि जम्मा १०,८२,२२९ वटा आवेदन मार्फत २,९३,६७,२४० कित्ता खरिदका लागि आवेदन प्राप्त भएको छ। आवेदन संख्याका आधारमा उक्त संख्या हाल सम्मकै उच्च रहेको र सो मध्ये ९,०५,१७२ वटा आवेदन **"मेरो शेयर"** मार्फत प्राप्त भएको हो।

धितोपत्रको सार्वजनिक निष्कासन प्रक्रिया आस्बा प्रणाली मार्फत हुने व्यवस्था लागू भए पश्चात् प्राथमिक बजारलाई थप सर्वसुलभ, सरल, सहज तथा चुस्त बनाउने उद्देश्यले यस लि. ले नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा **"धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका २०७४"** लागू गरी मिति २०७४।११।११ गतेबाट **"सि-आस्वा"** प्रणाली सञ्चालनमा ल्याएको हो। आरम्भ माईक्रोफाईनान्स वित्तीय संस्था लि. ले निष्कासन गरेको धितोपत्रको निष्कासन तथा बिक्री प्रक्रिया मार्फत औपचारिक रूपमा सुरुवात भएको यस प्रणाली मार्फत हाल सम्म १९० वटा सार्वजनिक निष्कासन भएका छन्। प्रथम पटक निष्कासन हुँदा आवेदन संख्या १,८६,०३८ रहेकोमा ३ वर्षको अवधिमा नै सो संख्यामा करिब छ गुणाले वृद्धि भएको छ।

यस अघि भौतिक आवेदन फाराम भरी घण्टौं लाइनमा बसेर बुझाउनु पर्ने बाध्यतालाई चिर्दै **"मेरो शेयर"** सफ्टवेयर मार्फत जुनसुकै स्थानबाट आफ्नो मोवाईल वा कम्प्युटर मार्फत निष्कासन खुल्ला रहेको मिति भित्र चौबीसै घण्टा आवेदन दिन सकिने व्यवस्था गरिएको हो। लगानीकर्ता मैत्री तथा सरल एवं सर्व सुलभ प्रणाली भएकोले यस सफ्टवेयरको प्रयोगकर्ताको संख्या दिनानुदिन बढ्दै गइरहेको छ। यसकै कारण प्रभु लाईफ ईन्सुरेन्स कम्पनीको निष्कासनमा मेरो शेयर मार्फत आवेदन दिने लगानीकर्ताको संख्या ९,०५,१७२ अर्थात् कुल आवेदक संख्याको ८३.६४ प्रतिशत रहेको छ।

सार्वजनिक निष्कासनमा लगानीकर्ताको यस किसिमको आकर्षणलाई पूँजी बजारको विकासका लागि यस लि. ले गरेको अथक प्रयासको महत्वपूर्ण उपलब्धि मानेको छ। यस उपलब्धिले हामीलाई पूँजी बजारको विकासमा अझ उत्साहका साथ लागि पर्न थप ऊर्जा मिलेको छ। पूँजी बजारको विकासमा लगानीकर्ताको हित लाई प्रवर्धन गर्दै पूँजी बजारमा आमलगानीकर्ताको पहुँचलाई अझ सहज बनाउन यस लि. हर क्षण लागिरहेको अवगत गराउँदै लि. को प्रयासमा साथ दिनुहुने सम्पूर्ण लगानीकर्ता, नियामक निकाय, निष्कासन

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4260386/4216068/4260783, Fax: +977-1-4240357

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७७/७८

चलानी नं. :

तथा विक्री प्रक्रिया सँग सम्बद्ध पक्ष, निक्षेप सदस्य, प्रणाली विकासमा अहोरात्र खटिने कर्मचारी तथा सफ्टवेयर निर्माताहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

मितिः २०७७।०९।५ गते

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4260386/4216068/4260783, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np